ADDCN ई बुलेटिन
Association of District Development Committees of Nepal
जिल्ला विकास समिति महासंघ नेपाल

Vol. 4 [Issue – II] (जिल्ला विकास समिति महासंघ नेपालको ई-बुलेटिन) E-bulletin, 2014 July-Aug.-Sept. [2071 Shrawan-Bhadra]

# हुम्ला जिल्लामा आवधिक जिल्ला विकास योजना तर्जुमा कार्यशाला सम्पन्न



हुम्ला जिल्ला विकास समितिको आयोजनामा जिल्लाको आवधिक जिल्ला विकास योजना तर्जुमा कार्यशाला गोष्ठी यहि २०७१ भाद्र १७ गते देखि २१ गते सम्म सम्पन्न भएको छ । माननीय सभासद जीवनवहादुर शाहीज्यूको प्रमुख आतिथ्यता, हुम्लाका प्रमुख जिल्ला अधिकारी श्री शंकरहरि आचार्यज्यूको विशेष आतिथ्यतामा र राष्ट्रिय योजना आयोगका उप सचिव श्री जगन्नाथ अधिकारी, जिविस महासंघ नेपालका कार्यकारी महासचिव श्री हेमराज लामिछाने, युनीसेफ नेपालका प्रतिनिधीहरुज्यूहरुको समुपस्थितिमा सम्पन्न उक्त गोष्ठीमा जिल्लाका सबै राजनैतिकदलका प्रमुख तथा प्रतिनिधीहरु, जिल्ला स्थित विषयगत कार्यालयहरु तथा अन्य सरकारी कार्यालहरु, जिल्लाको विकास कार्यमा योगदन पुऱ्याइरहेका स्वदेशी तथा विदेशी संघ संस्थाका प्रतिनिधीहरु लगायत जिल्लाका सबै सरोकारवालाहरुको सक्रिय सहभागिता रहेको थियो । साथै यस अघि यहि भाद्र १६ गते आवधिक जिल्ला विकास योजना तर्जुमाको लागि तयार गरिएको जिल्ला पार्श्वचित्रको मस्यौदा माथि छलफल गरी आवश्यक पृष्ठपोषण लिने कार्य समेत सम्पन्न गरिएको थियो ।

अधिकतम मात्रामा सहभागिता मूलक बनाउन प्रयाश गरिएको उक्त कार्यशाला संचालनको क्रममा सहभागीहरुलाई ५ वटा समूहहरु (आर्थिक समूह, सामाजिक समूह, भौतिक पूर्वाधार समूह, वन तथा वातावरण समूह, संस्थागत स्रोत तथा क्षमता विकास समूहमा विभाजन गरी समूहकार्यमा संलग्न गराउने कार्य गरिएको थियो । उक्त ५ दिने कार्यशालाका क्रममा सम्पन्न गरिएका मूख्य गतिविधिहरु जिल्ला विकासका अवसर, सम्भावन, समस्या र चुनौतीहरुको विश्लेषण, जिल्ला विकासको दिर्घकालिन सोचको निर्धारण सम्बन्धी अभ्यास, विगतको आवधिक योजनाको समिक्षा, विषयगत उद्देस्यहरु तथा नतिजाहरुको निर्धारण, नतिजामा आधारित योजना तर्जुमा प्रक्रिया सम्बन्धी छलफल, योजनातर्जुमाको तर्कबद्ध ढाँचाको माथिको छलफल, आगामी ५ वर्षको लागि नतिजा माआधारित कार्यक्रमहरुको छनौट र तिनीहरुको लागि आवश्यक बजेटको अनुमान गर्ने कामका साथै योजना कार्यन्वयनको जिम्मेवारी निर्धारण गर्ने कार्यहरु रहेका छन् । हरेक समूह कार्य पछि समूहहरुले निकालेका निश्कर्षहरुलाई पूर्ण बैठकमा प्रस्तुत गर्ने र पूर्ण बैठकबाट प्राप्त सुझावहरुलाई समावेश गर्ने कार्य गरिएको थियो ।



# हुम्लामा लक्षित समूहहरुसँगको परामर्श गोष्ठी सम्मन्न

हुम्ला जिल्लाको लागि निर्माण हुनगइरहेको आवधिक जिल्ला विकास योजना तर्जुमाको सन्दर्भमा लक्षित समूहरुसँगको एक दिने जिल्ला स्तरीय परामर्श गोष्ठी सम्पन्नभएको छ । जिल्ला विकास समिति हुम्लाको आयोजना, युनिसेफ नेपालको आर्थिक सहयोग र जिल्ला विकास समितिमहासंघ नेपालको प्राविकि सहयोगमा सो परामर्श गोष्ठी यहि २०७१ भाद्र १४ गते सम्पन्न भएको थियो । जिल्लाका महिला प्रतिनिधिहरु, दलित समुदायका प्रतिनिधिहरु र अपाङ्गताभएका व्यक्तिहरुको उक्त कार्यक्रममा सक्रिय सहभागिता रहेको थियो । अनौपचारिक तवरले शुरु गरिएको गरिएको उक्त कार्यक्रमको शुरुवातमा जिल्ला विकास समिति हुम्लाका स्थानीय विकास अधिकारी श्री शिवप्रसाद रिजालले सम्पूर्ण सहभागिहरुलाई स्वागत गर्दै आ–आफ्ना समुदायका समस्याहरु तथा सुझावको लागि आग्रह गर्नु भएको थियो ।

परामर्श गोष्ठीको प्राविधिक सत्रको सुरुमा सहभागीहरुलाई आवधिक जिल्ला विकास योजना सम्बन्धी अवधारणा र यसको तर्जुमा प्रक्रिया बारे जानकारी गराईएको थियो । आवधिक जिल्ला विकास योजना तर्जुमाको प्रक्रियाको एउटा चरणको रुपमा सो कार्यक्रमको आयोजना गरिएको थियो । आजिवियो सम्बन्धी अवधारणाको प्रस्तुती पछि सहभागीहरुलाई चार समूहमा विभाजन गरी समूह कार्य गर्न लगाइएको थियो । समूह कार्यको क्रममा सहभागीहरुलाई आ–आफ्ना समुदायको अपेक्षा, वर्तमान समयमा भोग्नु परेका समस्या, समस्याका कारणहरु र समस्या समाधानका उपायहरुको खोजी गर्न अनुरोध गरिएको थियो । समाजका पछाडि पारिएका समुदायहरुले पनि यसरी आफ्नो समस्याहरु आफ्नो नजिकको सरकारको रुपमा रहेको जिल्ला विकास समितिमा राख्न पाउँदा ति समुदायहरु निकै खुशी देखिन्थे भने यसरी लिएको सुझाव कार्यान्वयन हुन सकेमा उनीहरुको जीवन स्तर सुधार हुनमा केहि योगदान पुग्ने उनीहरुको अपेक्षा रहेको थियो । समूह कार्यको क्रममा सहभागीहरुले आफ्ना अपेक्षाहरु र आफुले भोग्नु परेको समस्याहरु उल्लेख गर्नुको साथै समस्या समाधानाका उपायहरु पनि उल्लेख गरेका थिए । समूह कार्यको निश्कर्षहरु आफ्ना समूहको टोली नेताले प्रस्तुत गरेका थिए ।





# जिविस महासंघ नेपालका कार्यकारी महासचिव सम्मानित




जिल्ला विकास समिति महासंघ नेपालका कार्यकारी महासचिव हेमराज लामिछाने विकेन्द्रीकरण, स्वशासन तथा स्थानीय स्वायत्तताको क्षेत्रमा लामो समयसम्म योगदान पुऱ्याएवापत एक समारोह विच सम्मानित हुनु भएको छ । सञ्चार विकास तथा अनुसन्धान केन्द्रले यही २०७१ साउन १६ गते काठमाडैंमा एक समारोहको आयोजना गरि उहाँ लगायत स्थानीय निकायको क्षेत्रमा काम गर्ने विशिष्ट व्यक्तिहरुलाई सम्मान गरेको थियो । माननीय उप प्रधान मन्त्री एवं सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहको प्रमुख आतिथ्यतामा आयोजना गरिएको उक्त सम्मान कार्यक्रममा स्थानीय निकायको निर्वाचनको लागि सञ्चार क्षेत्रले खेल्न सक्ने र खेल्नपर्ने भूमिकाकोबारेमा पनि छलफल भएको थियो । प्रमुख अतिथि माननीय उप-प्रधानमन्त्री तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्री सिंहले खादा ओढाई तथा सम्मान-पत्र प्रदान गरी सम्मानित व्यक्तिहरुको सम्मान गर्नु भएको थियो । माननीय संविधान सभाका सदस्य भरत वहादुर खड्का लगायत स्थानीय निकायको क्षेत्रमा काम गर्नुभएका थुप्रै विशिष्ट व्यक्तिहरुको गरिमामय उपस्थितिका विच सम्मान कार्यक्रम राखिनुले सम्मानित व्यक्तित्व तथा अन्य व्यक्तिहरुलाई समेत स्थानीय निकायको सवलीकरणको माध्यमद्वारा जनता सम्म लोकतन्त्रको अनुभुति गराउन योगदान पुग्ने काम गर्न थप प्रेरणा प्राप्त हुने आशा कार्यक्रमको कार्यक्रमका प्रमुख अतिथि लगायत सबै वक्ताहरुको रहेको थियो ।

कार्यक्रममा सम्मानित व्यक्तित्वहरुको तर्फबाट जिविस महासंघ नेपालका महासचिव हेमराज लामिछानेले धन्यबाद ज्ञापन गर्नुको साथै यस प्रकारको सम्मानले आफु लगायत सम्मानित हुने सबै व्यक्तिहरुलाई स्थानीय निकायको क्षेत्रमा थप काम गर्ने प्रेरणा मिलेको बताउनु भयो ।

# लक्षित समूह विकास कार्यक्रम सम्बन्धमा स्थानीय निकायका कर्मचारीहरुको लागि आयोजित एक दिवसीय अभिमुखीकरण कार्यक्रम

जिल्ला विकास समिति महासंघ नेपाल र यूनिसेफ नेपालको सयुंक्त तत्वावधानमा जिल्ला विकास समिति रौतहट, र जिल्ला विकास समिति पर्सामा “लक्षित समूह विकास कार्यक्रम सम्बन्धमा स्थानीय निकायका कर्मचारीहरुको लागि आयोजित एक दिवसीय अभिमुखीकरण कार्यक्रम” गरी सम्पन्न भयो ।

**२०७१ श्रावण २६ गते, गौर (रौतहट)**

## पृष्ठभूमी

स्थानीय निकायका कर्मचारीहरु (योजना तथा प्रशासकीय अधिकृत, लेखाअधिकृत, आलेप अधिकृत, सामाजिक विकास अधिकृत तथा गाविसका सचिवहरु) लाई स्थानीय निकाय अनुदान सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा भएका प्रावधानहरुको प्रभावकारी कार्यान्यनका लागि अभिमुखीकरण गर्दै यसको कार्यान्वयनका




क्रममा उनीहरुले भोगेका अनुभवहरु, समस्याहरु बारेमा छलफल गर्ने र समाधानका लागि कार्यान्वयन तहबाटै सुझावहरु संकलन गर्ने र लक्षित समुह (महिला, बालबालिका र पछाडि परेका तथा पारिएका समुदाय) हरुका कार्यक्रमहरु सञ्चालनको लागि गरिएको बजेट विनियोजन र यसको यथार्थ खर्चको रेकर्ड राख्ने प्रक्रियाका सम्वन्धमा जानकारी गराउने उद्देस्यले यहि २०७१ श्रावण २६ गते रौतहट जिल्लाको गौरमा जिल्ला विकास समिति रौतहट, जिविस महासंघ नेपाल र यूनिसेफ नेपालको सयुंक्त तत्वावधानमा एक अभिमुखीकरण कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा जिविस रौतहटका नि. स्थानीय विकास अधिकारी तथा योजना, प्रशासकीय तथा अनुगमन अधिकृत, लेखाअधिकृत, आलेप अधिकृत, सामाजिक विकास अधिकृत लगायत रौतहट जिल्लाका गाविसका सचिवहरु गरी स्थानीय निकायमा कार्यरत जम्मा २७ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## कार्यक्रम सञ्चालन विधि

अनौपचारिक रुपमा सञ्चालन गरिएको कार्यक्रमको प्राविधिक सत्रमा जिविस महासंधका तर्फबाट लक्षित समुह विकास कार्यक्रम सम्वन्धमा स्थानीय निकाय अनुदान सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०६९ मा रहेका प्रावधानहरुको बारेमा प्रस्तुतीकरण गरिएको थियो । त्यस पश्चात सहभागीहरुलाई पाँच समुहमा विभाजन गरी लक्षित समुह विकास कार्यक्रमहरुको छनौट र कार्यान्वयन गर्ने सिलसिलामा अनुभव गरेको राम्रा अभ्यासहरु, भोगेका समस्याहरु, र बार्षिक कार्यक्रम, बजेट विनियोजन र यथार्थ खर्चको अवस्थाको बारेमा समुहगत रुपमा छलफल गरिएको थियो । सहभागीहरुलाई निम्नाअनुसारको ढाँचा उपलब्ध गराई सोही अनुसार आ–आफ्ना गाविसमा कार्यक्रम अनुसारको बजेट विनियोजन र यथार्थ खर्चको विवरण तयार गर्न लगाइएको थियो । लक्षित समूह विकास कार्यक्रम आफैंमा ज्यादै राम्रो रहेको तर कार्यान्वयनमा थुप्रै समस्याहरु रहेको सहभागीहरुको निश्कर्ष रहेको थियो ।



## समुह छलफलबाट प्राप्त निश्कर्षहरु

लक्षित समुह विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन र सो सम्वन्धी बजेटको विनियोजन तथा यथार्थ खर्चको अभिलेखिकरण गर्ने सम्वन्धमा सहभागीहरुबाट प्रस्तुत भएका राम्रा अभ्यासहरु, झेल्नु परेका समस्याहरु र सुझावहरु देहायबमोजिम रहेका छन् ।

| राम्रा अनुभव | झेल्नु परेका समस्या/चुनौतीहरु | सुझावहरु |
|---|---|---|
| • लक्षित समुदायमा हुने विनियोजन र खर्चको हिसाव राख्न थालिएको ।<br>• लक्षित समुदायमा जागरण आएको<br>• स्थानीय योजना तर्जुमा सम्वन्धी लक्षित वर्गहरुलाई जानकारी भएको<br>• विकास निर्माण कार्यमा लक्षित समुहको सहभागिता बृद्धि भएको ।<br>• आयआर्जन सम्वन्धी सीप विकास हुंदै गएको ।<br>• लक्षित समुहले कार्यक्रमबाट प्रत्यक्ष फाईदा पाउने गरेको | • लक्षित वर्गको अझै पनि निर्णय प्रक्रियामा सक्रिय सहभागिता नहुनु<br>• राजनैतिक दलहरुबाट उचित सहयोग नहुनु ।<br>• गाविसमा आवश्यक जनशक्तिको अभाव हुनु ।<br>• कार्यक्रम तथा गोष्ठीमा लक्षित वर्गको उपस्थिति न्युन हुनु ।<br>• लक्षित समुहले भागवण्डा गर्न दवाव सृजना गर्नु ।<br>• आवश्यकता अनुसार बजेट नहुनु<br>• समयमा निकासा प्राप्त नहुनु<br>• पेश्की दिन नमिल्ने प्रावधान रहेको र लक्षित समुदायले काम गरेर भुक्तानी लिन नसक्नाले | • स्थानीय निकायको निर्वाचन हुनु पर्ने<br>• राजनैतिक दलबाट बजेट निर्माणमा उचित सहयोग हुनु पर्ने<br>• लक्षित वर्गलाई जिल्लास्तर बाटै बजेट निर्माण सम्वन्धी चेतना मूलक कार्यक्रम गर्नु पर्ने ।<br>• गाविसमा आवश्यक जनशक्तिको पद सृजना गर्नु पर्ने<br>• गाविसको संचालन अनुदान समय सापेक्ष बृद्धि हुनु पर्ने<br>• लक्षित समुहको कार्यक्रम सञ्चालन गर्न छुट्टै सक्षम कर्मचारीको व्यवस्था गर्नु पर्ने । |

| राम्रा अनुभव | भोग्नु परेका समस्या/चुनौतीहरु | सुझावहरु |
|---|---|---|
| • लक्षित समूहहरुको समस्याको पहिचान हुने गरेको<br>• लक्षित समुहले आआफ्नो कार्यक्रम प्रति उत्साहजनक सहभागिता जनाउने गरेको | लक्षित समूह नै यसबाट वञ्चित हुनु परेको अवस्था रहेको ।<br>• सामाजिक परिचालकहरु नहुनु<br>• एक सचिवले धेरै गाविस जिम्मा लिनु पर्दा काममा बाधा हुने गरेको । | • जिविसको आलेप शाखाबाट निरन्तर अनुगमन र सहजिकरण हुनुपर्ने ।<br>• समयमै जिविसबाट बजेट निकासा आउनुपर्ने ।<br>• गाविस सचिवको क्षमता विकास हुनुपर्ने ।<br>• बाँकी सबै गाविसका सचिव र प्राविधिक सहायकलाई समेत अभिमुखीकरण गर्नुपर्ने । |

अन्तमा, सहभागीहरुबाट छलफल गरिएका ढाँचाहरुमा लक्षित समूह विकास कार्यक्रमको स्पष्ट रुपमा कार्यक्रम सहितको बजेट विनियोजन र यथार्थ खर्चको फाँटवारी तयार गरी नियमित रुपमा जिविसमा पेश गर्ने र जिविसले पनि सबै गाविसहरुको वित्तीय विवरण एकिकृत रुपमा संकलन गरी लक्षित समूह विकास कार्यक्रमको विनियोजन र यथार्थ खर्च देखिनेगरी फाँटवारी तयार गर्ने प्रतिवद्धता समेत व्यक्त भएको थियो ।

## २०७१ श्रावण २७ गते, वीरगञ्ज (पर्सा)




### पृष्ठभूमी

स्थानीय निकायका कर्मचारीहरु (योजना तथा प्रशासकीय अधिकृत, लेखाअधिकृत, आलेप अधिकृत, सामाजिक विकास अधिकृत तथा गाविसका सचिवहरु) लाई स्थानीय निकाय अनुदान सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा भएका प्रावधानको प्रभावकारी कार्यान्यनका लागि अभिमुखीकरण गर्दै यसको कार्यान्वययनका क्रममा उनीहरुले भोगेका अनुभवहरु, समस्याहरु बारेमा छलफल गर्ने र समाधानका लागि कार्यान्वययन तहबाटै सुझावहरु संकलन गर्ने र लक्षित समुह (महिला, बालबालिका र पछाडि परेका तथा पारिएका समुदाय) हरुका कार्यक्रमका लागि गरिएको बजेट विनियोजन र तिनको यथार्थ खर्चको अभिलेख राख्ने प्रक्रियाका सम्वन्धमा जानकारी गराउने उद्देस्यले यहि २०७१ श्रावण २७ गते पर्सा जिल्लाको वीरगञ्जमा जिल्ला विकास समिति पर्सा, जिविस महासंघ नेपाल र यूनिसेफ नेपालको सयुंक्त तत्वावधानमा एक अभिमुखीकरण कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा जिविस पर्साका योजना, प्रशासकीय तथा अनुगमन अधिकृत, लेखाअधिकृत,आलेप अधिकृत, सामाजिक विकास अधिकृत लगायत पर्सा जिल्लाका गाविसका सचिवहरु गरी स्थानीय निकायमा कार्यरत जम्मा ३२ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

### कार्यक्रम सञ्चालन विधि

अनौपचारिक रुपमा सञ्चालन गरिएको कार्यक्रमको प्राविधिक सत्रमा जिविस महासंघका तर्फबाट लक्षित समुह विकास कार्यक्रमको सम्वन्धमा स्थानीय निकाय अनुदान सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०६९ मा रहेका प्रावधानहरुको बारेमा प्रस्तुतीकरण गरिएको थियो । त्यस पश्चात सहभागीहरुलाई पाँच समुहमा विभाजन गरी लक्षित समुह विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने सिलसिलामा अनुभव गरेको राम्रा अभ्यासहरु, भोगेका चुनौती तथा समस्याहरु, र बार्षिक कार्यक्रम, बजेट विनियोजन र यथार्थ खर्चको अवस्थाको बारेमा समुहमा छलफल गराइएको थियो । सहभागीहरुलाई निम्ना अनुसारको ढाँचा उपलब्ध गराई सोही अनुसार आ–आफ्ना गाविसमा कार्यक्रमहरुका लागि गरिएको बजेट विनियोजन र यथार्थ खर्चको विवरण तयार गर्न लगाइएको थियो । लक्षित समूह विकास कार्यक्रम आफैंमा ज्यादै राम्रो रहेको तर कार्यान्वयनमा थुप्रै चुनौतीहरु रहेको सहभागीहरुको निश्कर्ष रहेको थियो ।



### समुह छलफलबाट प्राप्त निश्कर्षहरु

लक्षित समुह विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन र सो सम्वन्धी बजेटको विनियोजन तथा यथार्थ खर्चको अभिलेखिकरण गर्ने सम्वन्धमा सहभागीहरुबाट प्रस्तुत भएका राम्रा अभ्यासहरु, भोग्नु परेका समस्याहरु र सुझावहरु देहायबमोजिम रहेका छन् ।

| राम्रा अनुभव | भोग्नु परेका समस्या/चुनौतीहरु | सुझावहरु |
|---|---|---|
| • खर्चको हिसाब किताव राख्ने चलन आरम्भ भएको<br>• लक्षित विकास कार्यक्रममा बजेट वियोजन गरी खर्च गर्ने परिपाटी बसेको<br>• विकास निर्माण कार्यमा लक्षित समुहको सहभागिता वृद्धि भएको ।<br>• लक्षित समुहले कार्यक्रमबाट प्रत्यक्ष फाईदा पाउने गरेको<br>• लक्षित समूहहरुको समस्याको | • लक्षित वर्गको कार्यक्रम वितरणमुखी भएको ।<br>• निकासा ढिलो हुँदा खर्च गर्न नसकिएको अवस्था रहेको ।<br>• गाविसको संस्थागत विकास हुन सकेको छैन (सचिव एक्लै काम गर्नु पर्ने अवस्था)<br>• स्वास्थ्य र पशुका प्रतिनिधिको कुरा नसुने बजेट पास हुन नसक्ने अवस्थाले लक्षित कार्यक्रम प्रभावित हुने गरेको ।<br>• गत वर्षको पौष मसान्तभित्र सम्पन्न गाउँ परिषद्ले पास गरेका कार्यक्रम तथा बजेट खर्च गर्ने परिपाटी नभएको कारण निकासा माग गर्न र खर्च गर्न ढिलाई हुने गरेको ।<br>• चालु वर्षको परिषद्बाट पास गरेर मात्र माग गर्ने परिपाटी | • राजनैतिक दलबाट बजेट निर्माणमा उचित सहयोग हुनु पर्ने<br>• लक्षित वर्गलाई जिल्लास्तर बाटै बजेट निर्माण सम्वन्धी चेतना मूलक कार्यक्रम गर्नु पर्ने ।<br>• गाविसमा आवश्यक जनशक्तिको पद सृजना गर्नु पर्ने<br>• गाविसको संचालन अनुदान समय सापेक्ष बृद्धि हुनु पर्ने<br>• लक्षित समुहको कार्यक्रम सञ्चालन गर्न |

| | | |
|---|---|---|
| पहिचान हुने गरेको ।<br>• लक्षित समुहले आआफ्नो कार्यक्रम प्रति उत्साहजनक सहभागिता जनाउने गरेको | रहेको ।<br>• सामाजिक परिचालन नभएको कारण काम गर्न कठिन हुने गरेको । | छुट्टै कर्मचारीको व्यवस्था गर्नु पर्ने<br>• सक्षम जनशक्तिको व्यवस्था हुनु पर्ने<br>• जिविसले नियमित रुपमा सहजीकरण गर्नु पर्ने |

**सहभागीहरुको प्रतिबद्धता**

सहभागीहरुले निम्नानुसार प्रतिवद्धता जाहेर गरी लक्षित विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन र आय व्ययको लेखा राख्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।



हाम्रो प्रतिविद्धता

(१). पर्सा जिल्लाका सबै गा. वि. स. हरुले लक्षित समूह विकास कार्यक्रम अन्तरगत गरिएको बजेट विनियोजन र यसको यथार्थ खर्च सही ढंगले अभिलेख राखी यसको जानकारी जि. वि. स. मा नियमित रुपमा गरेका हुनेछन् ।

(२). पर्सा जि. वि. स. ले सबै गा. वि. स. हरुले सञ्चालन गरेका लक्षित समूह विकास कार्यक्रमहरुको विनियोजन र खर्चको फाँटवारी नियमित रुपमा आन्तरीक लेखा परिक्षण शाखामार्फत अभिलेख राख्न लगाई अद्यावधिक गरि राख्ने छ । २०७१ श्रावण २८ गते. मंगलवार ।

# LOGIN Asia को अध्ययन भ्रमणमा जिविस महासंघ नेपालको सहभागिता

यही भाद्र ८, २०७१ देखि १७ भाद्र २०७१ सम्म भारतको गुजरात, महाराष्ट्र र केरालामा नागरिकहरुका संगठन र स्थानीय सरकारलाई निक्षेपित गरिएका अधिकारका बारेमा LOGIN Asia भन्ने दक्षिण तथा पूर्वी एशियाका नेपाल, भारत, बंगलादेश, भुटान, मंगोलिया, लाओस, भियतनाम लगायत १० वटा देशहरुको अनौपचारिक मञ्च बनाएर त्यस्को साधारण सभाले गरेको योजना अनुसाार अधययन भ्रमण तथा सिकाई आदान प्रदान कार्यक्रम आयोजना गरिएको थियो । संस्थापक सदस्यको हैसियतबाट नेपालबाट संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव विष्णु प्रसाद रेग्मी, जिविस महासंघ नेपालका प्रवक्ता कृष्ण प्रसाद जैशी र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका उपनिर्देशक जयकृष्ण श्रेष्ठको सहभागिता रहेको उक्त अध्ययन तथा भ्रमण अत्यन्त फलदायी रहेको थियो । सर्वप्रथम गुजरातको भुजमा त्यहाँको महिला संगठनका अगुवा तथा मुन्द्रा र माण्डवी भन्ने ब्लक पञ्चायत र गाउँ पञ्चायतका महिलाहरुले गरेका गतिविधिहरु जस्तो महिला हिंसा विरुद्धको अभियान, स्थानिय सरकारहरुमा महिलाहरुको प्रतिनिधित्व बढाई उनीहरुको क्षमता बढाउने खालका गतिविधिहरु गरेका र मुन्द्रामा ब्लक पञ्चायतले कार्यालय दिएर सञ्चालन गरेको सूचना केन्द्र पनि अवलोकन गरिएको थियो ।



गुजरातमा काम गर्ने कच्छ महिला संगठाका अगुवाहरुलाई जिविस महसंघका प्रवक्ता उपहार दिंदै



मुन्द्रा ब्लक पञ्चायतमा महिला संगठनसंग सामुहिक तस्वीर



गुजरातको मुन्द्रामा पञ्चायतका अधिकृत कर्मचारीसंग छलफल गर्दै

गुजरातको भुजबाट फर्केर मुम्बईका बान्द्रामा ५ देशका सहभागिहरुले आ"आफ्ना देशमा भए गरिएका अभ्यास, श्रोत र संरचनाहरुका बारेमा प्रस्तुसतकरण गरी एकापसमा अनुभव आदान प्रदान गरेका थिए । नेपालका तफैबाट उपसचि विष्णु प्रसाद रेग्मीज्यूले तयार गर्नु भएको प्रस्तुतिमा सहभागि तिनैजनाले थप छलफल गरी एकीकृत रुप दिइएको थियो भने नेपालको तर्फबाट जिविस महसंघका प्रवक्ता कृष्ण प्रसाद जैशीले प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतिमा नेपालको हालको मानव विकास सूचांक, स्थानीय निकायको संरचना, संघीय मामिला तथा

स्थानीय विकास मन्त्रालयको भूमिका र कार्यक्षेत्र, स्थानीय निकायका संघ महासंघहरुको भूमिका र अन्य संघ संगठन तथा सरकारसंगको सहकार्य आदिबारेमा समावेश गरिएको थियो । सहभागि अन्य देशहरुको भन्दा नेपालका स्थानीय निकायका संघ महासंघहरुको भूमिका सबैले सह्रानका गरेका र स्थानीय निकायका पुन:संरचना गर्दा ध्यान दिनुपर्ने र स्थानीय निर्वाचन छिटो गर्न राजनीतिक सहमति भए नेपालको हीत हुने विचार राखेका थिए । यसैगरी अन्य चार देशका र विशेषगरी भारतको केराला, कर्णाटक, गजरात, महाराष्ट्र र बिहारका विभिन्न संगठनहरु मध्ये महाराष्ट्रको महिला राजसत्ता आन्दोलन, केरालाको निक्षेपित अधिकार सहितको स्थानीय सरकार र स्थानीय निकायका संगठनहरु, कर्णाटकको विकेन्द्रीकरण अभियान र बिहारको स्थानीय निकायले अभ्यास गर्दै गरेका अधिकारहरुका बारेमा राम्रो प्रस्तुति गरिएको थियो । त्यस्तै भुटानले महिला निर्वाचित प्रतिनिधिहरुलाई तालिम दिदै बिस्तारै आरक्षण तथा राष्ट्रिय स्तरको संगठन निर्माणको प्रक्रियामा गइरहेको विषय र बंगलादेशमा तेर्सो सिकाई कार्यक्रमका अनुभव र नेपाल र बंगलादेशले सो विषय मिलेर सिकदै अघि बढ्न थालेको र निकट भविष्यमै पुन: बंगलादेशमा संयुकत सिकाई आदान प्रदान कार्यक्रम गरिन थालेको विषय पनि छलफल गरिएको थियो ।


केरालाको कारावबरम ग्राम पञ्चायतमा


केरालाको कारावारामममा कृषि तालिम गर्ने महिलाहरुसंग


केरालाको कारावारामममा पूर्व प्राथमिक विद्यालय

मुम्बईबाट केराला गई तयहाँको ग्राम पञ्चायत एशोसियशनका पदाधिकारी तथा स्थानीय ग्राम पञ्चायतमा गई प्रत्यक्षत: कार्य सञ्चालन, महिलाका कुटुम्बश्री, बस्तिका समुहहरु, आगनवाडी भनिने वाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयहरु, शारीरिक र मानसिक हिसावले असक्त विद्यालयहरु, महिलाका आयमूलक कार्यक्रमहरुका उत्पादन इकाईहरु तथा तिनका समुहको कार्यप्रणाली, हालसम्मको लाखौं बचत तथा त्यसको सकारात्मक पचिलन र आय आर्जन बढ्नुका साथै अन्य विकासका सूचकहरुमा पनि वर्षेनी बढ्दै गएका उदाहरणका बारेमा प्रशस्त लाभदायक सिकाईहरु भएका थिए । केरालाको सिकाईपछि सदस्य देशका प्रतिनिधिहरुले स्वदेश फर्केपछि थप सुधार तथा संगठनका कामहरु गरेर स्थानीय सरकार तथा नागरिहरुलाई लोकतन्त्रका लाभहरु कसरी बढी भन्दा बढी पछाडि परेका वा पारिएका वर्गलाई पुऱ्याउन सकिएला भनेर कार्ययोजना जस्तो पनि अभ्यास गरिएको थियो । साथै आफ्नो संगठनका गरेका कामहरु र निर्माण गरिएका कार्यविधि निर्देशिका र आवधिक वा रणनीतिक योजनाहरु वेबसाइट मार्फत पनि एकापसमा साटासाट गरी दक्षिण तथा पूर्वी एशियाका सबै सदस्य देश तथा संगठनहरुबीच सहमति भएको छ ।

# स्थानीय निकायको निर्वाचनबारे क्षेत्रीय तहमा अन्तरक्रिया

नेपाल कानुन समाजको आयोजनामा यही २०७१ श्रावण ११ गते नेपालगञ्ज, १३ गते पोखरा र १५ गते बिराटनगरमा स्थानीय निकायको निर्वाचनको चुनौति र समाधानका विषयमा अन्तरक्रियाहरु सम्पन्न भएकाछन् । बरिष्ठ अधिवक्ता तथा पूर्व सभासद श्री खिमलाल देवकोटा र पुस्पा भूषालले कार्यपत्र प्रस्तुत गर्नु भएका उक्त कार्यक्रमहरुमा जिविस महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाविस राष्ट्रिय महासंघ नेपालको कार्यसमितिका सदस्य तथा अन्य पूर्व पदाधिकारीहरुले पनि स्थानीय निर्वाचन नहुँदा भएका समस्या, निर्वाचनको सम्भावना तथा स्थानीय निर्वाचनको पक्षमा आफ्ना धारणा र विगत १२ वर्ष देखि गरिएका दवाव तथा आन्दोलनका कार्यक्रहरुको स्मरण गराउनु भएको थियो । कार्यक्रम स्थित जिल्ला र



छिमेकबाट समेत केही सहभागिहरु बोलाइएको उक्त कार्यक्रममा राजनीतिक दलहरु, प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी

वा योजना तथा प्रशासकीय अधिकृतहरु, नगरपालिकाका कार्यकारी अधिकृतहरु, गाविसका सचिवहरु, महिला पिछडिएको वर्ग तथा जनजातिका सञ्जालहरु र पत्रकारहरुलाई सहभागिको रुपमा संलग्न गराइएको थियो । कार्यक्रमको स्थानीय समन्वय संविधान सम्वाद केन्द्रले गरेको थियो भने नेपालगञ्जमा स्थानीय विकास मन्त्रालयका सह-सचिव रेश्मी राज पाण्डे तथा पोखरा र बिराटनगरमा सचिव श्री शान्त बहादुर श्रेष्ठले प्रमुख आतिथ्यता गरी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले भर्खरै व्यवस्थापिका संसदमा संशोधनका लाथि प्रस्ताव गरेको स्थानीय स्वायत्त शासन संशोधन विधेयकबारे प्रष्ट पार्नु भएको थियो ।

नेपालगञ्जको कार्यक्रको अध्यक्षता जिविस महासंघ नेपालका प्रवक्ता श्री कृष्ण प्रसाद जैशीले गर्नु भएको थियो भने पोखरा र बिराटनगरमा नेपाल कानुन समाजका श्री उदय नेपालीले गर्नु भएको थियो ।

तीनवटै कार्यक्रमका सहभागि राजनीतिक दलहरु तथा कर्मचारीहरु मध्ये धेरैजसोले लोकतन्त्रको आधार बलियो बनाउन, पार्टी कार्यकर्ताहरुलाई क्षमता बढाएर स्थानीय तहको अस्तव्यस्ततालाई सच्याउन, भ्रष्टाचार कम गर्न र विकासका पूर्वाधारहरुको यथोचित गति तथा व्यवस्थापनका लागि निर्वाचनको अति आवश्यकता रहेको विचारहरु व्यक्त गर्नु भएको थियो ।

साथै केही राजनीतिक दलहरुले संविधान नबनेर स्थानीय निकायको निर्वाचन मात्रले अहिलेसम्म पछाडि परेका तथा पारिएका जाति जनजातिहरुको समस्या समाधान नहुने र कहींकतै स्थानीय निर्वाचन गराएर संविधान निर्माणमा वाधा पार्ने वा संघीयतामा नकारात्मक असर पार्ने षड्यन्त्र हुन गएमा नया चरणको आन्दोलन हुने र मुलुक र संघीय लोकतान्त्रिक गणतन्त्रकै लागि दुर्भाग्य हुने धारणाहरु पनि राख्नु भएको थियो । तर स्थानीय तहको व्यवस्थापनले संविधान निर्माणमा कुनै वाधा नपर्ने दक्षिण अफ्रिका लगायत देशका उदाहरुणहरु प्रस्तुत गर्दा भने सहभागिहरुले सहमति जनाउनु भएको थियो । जिविस महासंघ, नेपालको तर्फबाट पोखरामा पूर्व अध्यक्ष श्री माधव पौडेल र बिराटनगरमा कार्यसमितिका सदस्य श्री तुलसि प्रसाद नेउपानेले सहभागि भै महासंघले विगत २०५९ साल देखि नै स्थानीय निकायको निर्वाचनका पक्षमा माग, दवाव तथा सर्वोच्चमा दुई पटक रिट दायर समेत आफ्ना गरिएका गतिविधिहरु सहभागि समक्ष राख्नु भएको थियो ।




## टेलिभिजन कार्यक्रम स्थानीय सरोकार

स्थानीय निकायका संघ/महासंघहरु जिल्ला विकास समिति महासंघ नेपाल, गाउँ विकास समिति राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ तथा जिल्ला विकास समिति काठमाडौं, ललितपुर र भक्तपुरको संयुक्त कार्यक्रमका रुपमा नेपाल टेलिभिजनमा प्रत्येक हप्ताको सोमबार साँझ ६:०५ देखि ६:२५ बजेसम्म र पुन: प्रशारण मंगलबार राती ...... देखि ...... बजेसम्म हाल टेलिभिजन कार्यक्रम **स्थानीय सरोकार** संचालन भैरहेको छ ।

सो टेलिभिजन कार्यक्रम हेरेर त्यसलाई अझबढि स्तरिय र प्रभावकारी बनाउन के/कस्ता सुधार गर्न सकिन्छ, सुझाव दिनुहुन सबैमा अनुरोध गरिन्छ ।

***सम्पर्कका लागि***
*संचार विकास तथा अनुसन्धान केन्द्र नेपाल*
*शिव रेग्मी, ९७५१००७७२२, ९८४१४२४६६०*
*ईमेल : mdrc100@gmail.com, shivaregmi@gmail.com*

***सम्पादन :*** *हेमराज लामिछाने,* ***सम्पादन सहयोगी :*** *विष्णु प्रसाद नेपाल,* ***सामग्री संकलन तथा लेआउट :*** *दिनेश श्रेष्ठ*
जिल्ला विकास समिति महासंघ नेपाल Association of District Development Committees of Nepal (ADDCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur, **P.O.Box #** 12022, Kathmandu
**E-mail :** addcn@addcn.org.np **URL:** www.addcn.org.np

